# तुलसीपुर उपमहानगरपिलका

# श्रम बैंक स्थापना तथा सञ्चालन कार्यविधि

## २०७७

तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर दाङ ।

२०७७ वैशाख

**का. वा. प्रमुख**

# तुलसीपुर उपमहानगरपिलका

# श्रम बैंक स्थापना तथा सञ्चालन कार्यविधि

# २०७७

स्वीकृति मिति २०७७/०१/१८

हाल विश्वमा देखापरेको कोभिड-१९ को महामारीले गर्दा जारी बन्दाबन्दीमा यस उपमहानगरपालिका क्षेत्रमा बसोवास गर्ने परिवारका रोजगारी गुमाएका व्यक्तिहरु, दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरु, श्रमिकहरु लगायतलाई आफ्नो तथा परिवारको जिविकोपार्जन गर्न कठिनाई परेको अवस्थामा व्यक्ति तथा परिवारहरुमा संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित योजनाहरुमा रोजगारी मार्फत खाद्यान्न वा नगद उपलब्ध गराइ जनजीवन सहज बनाउन नगरकार्यपालिकाको मिति २०७७।०१।०९ को निर्णय एवम स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यो कार्यविधि जारी गरीएको छ ।

## परिच्छेद-१

१.संक्षिप्त नाम र प्रारम्भ: यो कार्यविधिको नाम" तुलसीपुर उपमहानगरपिलकाको श्रम बैंक स्थापना तथा सञ्चालन कार्यविधि २०७७" रहेको छ ।यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा: विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. ऐन भन्नाले स्थानीय सरकार सञ्चाल ऐन २०७४ सम्झनु पर्छ ।

ख. कार्यविधि भन्नाले "तुलसीपुर उपमहानगरपिलकाको श्रम बैंक स्थापना तथा सञ्चालन कार्यविधि २०७७" सम्झनु पर्छ ।

ग. कार्यालय भन्नाले तुलसीपुर उपमहानगरपिलका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

का. वा. प्रमुख

घ. वडा कार्यालय भन्नाले तुलसीपुर उपमहानगरपिलका अन्तर्गत यो योजना सञ्चाल हुने वडा कार्यालय सम्झनु पर्दछ ।

ङ. वडा स्तरीय योजना भन्नाले सम्वन्धित वडामा सञ्चालन हुने योजना सम्झनुपर्दछ ।

च. परिवार भन्नाले तुलसीपुर उपमहानगरपालिकामा रहेको एक भान्सामा र एकै छत वा छानोमुनी रहेने सदस्यहरुको समुह सम्झनु पर्दछ ।

छ. 'मापदण्ड' भन्नाले असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ सम्झनुपर्दछ ।

ज. वडा समिति भन्नाले वडा स्तरिय श्रम समिति सम्झनु पर्दछ ।

झ. श्रमिक भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको योग्यता पुगेको व्यक्तिलाई मानिनेछ ।

## परिच्छेद-२

## श्रम बैंक सम्बन्धि व्यवस्था

३. नगरकार्यपालिकाको निर्णय बमोजिम तुलसीपुर उपमहानगरपिलकामा एक श्रम बैंक स्थापना हुनेछ ।

४. यसको सञ्चालन नगरकार्यपालिकाको कार्यालयले गर्नेछ ।

५. श्रम बैंकमा देहायबमेजिम नगद रकम तथा खाध्यान्न जम्मा हुनेछः

क. नगरपालिकाबाट उपलब्ध गराइएको ।

ख. सरकारी एवम् गैरसरकारी सस्थाबाट सहयोग स्वरुप प्राप्त भएको ।

ग. निजी सघ सस्थाबाट सहयोग स्वरुप प्राप्त भएको ।

घ. सहकारी सस्थाहरुबाट प्राप्त भएको ।

ङ. व्यक्तिहरुबाट प्राप्त भएको ।

च. अन्य माध्यमबाट प्राप्त भएको ।

६. श्रम बैंकबाट पारिश्रमिक स्वरुप नगद वा खाध्यान्न उपलब्ध गराउनका लागि विपद व्यवस्थापन शाखा र वडा स्तरीय श्रम समितिलाई सिफारिस गर्न, आवश्यक निर्देशन दिन र संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित योजनाहरुमा रोजगारी उपलब्ध गराउन आवश्यक कार्य गर्नको लागि नगरकार्यपालिकामा नगर प्रमुखको संयोजकत्वमा देहाय बमेजिमको नगर स्तरिय श्रम समिति रहनेछ ।

| | |
|---|---|
| क. नगर प्रमुख | संयोजक |
| ख. नगर उप प्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |



का. वा. प्रमुख

घ. विपद् व्यवस्थापन समिति, अर्थ समिति र सामाजिक विकास
समिति संयोजक — सदस्य
ङ. रोजगारदाता निकायहरु मध्ये एकजना — सदस्य
च. विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य
छ. नगरपालिकाको एक जना ईन्जिनियर — सदस्य
ज. स्थानीय श्रम संगठनको एक महिला सहित २ जना प्रतिनिधि सदस्य
झ. सहकारी तथा रोजगार प्रबर्द्धन शाख प्रमुख — सदस्य सचिव

७. श्रम बैंकमा सूचिकृत भएका श्रमिकहरुलाई आफ्नो वडामा परिचालन गर्न तथा नगर स्तरिय श्रम समितिसंग आवश्यक समन्वय गर्न र संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित योजनाहरुमा रोजगारी उपलब्ध गराउन आवश्यक कार्य गर्नको लागि वडा अध्यक्षको संयोजकत्वमा देहाय बमेजिमको वडा स्तरिय श्रम समिति रहनेछ ।

क. वडा अध्यक्ष — संयोजक
ख. वडा समितिका एक महिला सदस्य सहित २ जना सदस्य — सदस्य
ग. स्थानीय श्रम सहकारी, श्रम समुह वा श्रम संगठन मध्ये एक
महिला सहित २ जना प्रतिनिधि — सदस्य
घ. स्थानीय ट्रोल विकास संस्थाका एक महिला सहित
२ जना प्रतिनिधि — सदस्य
ङ. वडामा कार्यरत ईन्जिनियर — सदस्य
च. वडा सचिव — सदस्य सचिव

## परिच्छेद-३

## कामदार छनोट सम्वन्धि व्यवस्था

८. क. संघ, प्रदेश र स्थानीय सरकारबाट सञ्चालित योजनाहरुमा रोजगारी उपलब्ध गराउन आयोजनाको पहिचान गरी तुलसीपुर उपमहानगरपालिकाले "श्रम बैंक स्थापना तथा सञ्चालन कार्यविधि २०७७" मार्फत असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड २०७६ को अनुसूची बमोजिम वडा कार्यालयहरुमा श्रमिकहरुलाई सूचिकृत गर्नेछ वा कार्यविधि मार्फत उपमहानगरपालिकाले दैनिक ज्याला मजदुरी गरी जिबिकोपार्जन गर्ने परिवारहरुको लगत संकलन गर्नका लागि सार्वजनिक सूचना जारी गर्नेछ ।



का. वा. प्रमुख

ख. सूचना वडा कार्यालय तथा नगरकार्यपालिकाको कार्यालयबाट प्राप्त भई सकेपछि सोका लागि सम्बन्धित वडा कार्यालय तथा तोकिएको प्रतिनिधि वा कर्मचारीलाई आफ्नो नाम टिपाउनु पर्नेछ ।

ग. वडा कार्यालयले उपदफा (क) र (ख) बमोजिमको लगत तयार गर्नु पर्नेछ । यसरी लगत तयार गर्दा परिवार संख्या, परिवार रहने स्थान, स्थायी वा अस्थायी बसोबास, भाडा वा आफ्नो स्वामित्वको घर रहे / नरहेको, आश्रित परिवार र अशक्त, श्रम गर्न सक्ने तथा श्रम गर्न सक्नेको दक्षताको किसिम गरी विभाजन गरी जे बुझ्नु पर्ने हो सो बुझी वडा समितिबाट निर्णय गराई एक प्रति कार्यालयमा पठाउनु पर्नेछ ।

घ. वडा कार्यालयले खद्यान्नका लागि श्रम गर्न सक्ने र नसक्नेको सूचि तयार गर्नुपर्छ । यसरी सूचि तयार गर्दा प्रत्येक परिवारको संख्याका आधारमा न्यूनतम ५ पाँच जनामा एक जनालाई पर्ने गरी औसत एक जनालाई रोजगारी प्रदान गर्न सक्नेछ ।तर ५ जनाभन्दा कम परिवार संख्या भएको परिवारमा भने एक जनालाइ रोजगारी प्रदान गर्न बाधा पर्ने छैन ।

ङ. यसरी तयार गरीएको सूचिमा क्रमश अशक्त, विपन्न तथा श्रम गर्न नसक्ने व्यक्ति भएमा नगर स्तरिय श्रम समितिमा राहतका लागि सिफारिस गरी पठाउनु पर्नेछ ।

च. वडा समितिले आफ्नो सुपरिवेक्षणमा रहने गरी श्रमिकलाई तोकिएको योजनामा काममा लगाउनु पर्नेछ ।

छ. श्रमिकहरुको संख्या तोकिएको योजनाको लागत अनुमानमा भएको श्रमिकहरुको संख्या भन्दा बढी भएमा एक परिवारको हकमा एक जनालाई हप्ताको न्यूनतम दुई दिन रोजगारी उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-४
## श्रम बैंकमा सूचिकृत श्रमिकहरुको योग्यता

९. अ. यस कार्यक्रममा आवद्ध हुन चाहने कामदारहरुले देहायका योग्यता पुरा गरेको हुनु पर्नेछ ।

क. यस नगरपालिकामा स्थायी वा अस्थायी रुपले बसोवास गरेको ।

ख. मापदण्डको दफा ३ बमोजिमको योग्यता पुगेको ।

आ. कामदाहरु देहायका अवस्थामा यस योजनामा समावेश हुन प्रांथमिकता पाउने छैनन।

क. सामाजिक सूरक्षा भत्ता प्राप्त गरीरहेको व्यक्ति ।

ख. निवृत्तिभरण प्राप्त गरीरहेका परिवारका सदस्यहरु ।



का. वा. प्रमुख

ग. परिवारका दुई वा सो भन्दा बढी छोराछोरी निजी विद्यालयमा पठनपाठन गराई रहेको अवस्थामा ।

घ. नेपाल सरकार वा अन्य कुनै संगठित क्षेत्रबाट मासिक तलव बुझिरहेका तथा नियमित पारिश्रमिक पाउने सदस्यका परिवार ।

ङ. दुई तला वा ६ कोठे भन्दा बढीको पक्की घर भएमा वा घर बहालमा लगाई रहेको अवस्थामा भएको परिवार ।

च. पाँच कठ्ठा वा सो भन्दा वढी जमिन भएको परिवार ।

## परिच्छेद-५
## श्रमिकहरुको सुरक्षा व्यवस्था

१०. क. श्रमिकहरुलाई काममा लगाउँदा सुरक्षा सामाग्री प्रयोग गर्ने र कोभिड १९ बाट बच्नका लागी सामाजिक दुरी कायम गर्नु/गराउनु पर्नेछ ।

ख. कार्यस्थलमा स्थानिटाईजर तथा साबुन पानीको समेत व्यवस्था सम्बन्धित रोजगारदाताले/ वडा कार्यालयले गर्नु पर्नेछ ।

ग. श्रमिकहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नु पर्नेछ ।

घ. श्रमिक लगाएत श्रममाम लगाउने व्यक्तिको समेत सम्भव भएसम्म ज्वरो मापन गर्ने तथा अन्य सामाग्री समेतको व्यवस्था स्वास्थ्य शाखाको समन्वयमा व्यवस्था गर्नुपर्नेछ ।

## परिच्छेद-६
## योजना संञ्चालन हुने क्षेत्र

११. अ. वडा कार्यालय/नगरपालिका वा रोजगारदाताले देहाय बमोजिमका क्षेत्रमा श्रमिकलाई काममा लगाउन सक्नेछ ।

**क. सडक निर्माण तथा मर्मत सम्भार**

वडाभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक तथा कृषि सडकको निर्माण तथा मर्मत संम्भार, वडाभित्रका सडकको निर्माण तथा मर्मत संम्भार र सडक हरियाली सम्बन्धि कार्य।

**ख. कृषि तथा सिचाई :-**

सिचाईका लागि कुलो तथा पानीको निर्माण तथा मर्मत संम्भार पानीको मूल संरक्षण तथा मर्मत संम्भार ।

**ग. ग्रामीण खानेपानी तथा सरसफाई**

का. वा. प्रमुख

खानेपानी योजनाहरुको निर्माण, पाइपलाईन विस्तार, मर्मत संम्भार, नगरक्षेत्रमा रहेका ढल वा नाला सरसफाई, फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत संम्भार लगाएत सरसफाईका अन्य कार्यहरु ।

**घ. स्वास्थ्य चौकी/केन्द्र निर्माण तथा मर्मत संम्भार**

सार्वजनिक शौचालय, स्वास्थ्य चौकी/केन्द्र निर्माण तथा मर्मत संम्भार,

**ङ शिक्षा**

सरकारी विद्यालय भवन सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार ।

**च. वन तथा जलाधार :**

फलफुलको विरुवा रोपण, बृक्षारोपन तथा वन जङ्गल संरक्षण तथा व्यवस्थापन ।
सामुदायिक वनमा विरुवा रोपण, वृक्षारोपण तथा वन जंङ्गल संरक्षण तथा व्यवस्थापन पहिरो तथा नदी नियन्त्रण, साना वाँध निर्माण, नर्सरी स्थापना तथा सञ्चालन ।

**छ. पर्यटन**

पदमार्ग निर्माण तथा मर्मत संम्भार
पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत संम्भार तथा संरक्षण
पुरातात्विक महत्वका मठ मन्दिर निर्माण संम्भार तथा संरक्षण

आ. माथि उल्लेखित क्षेत्रवाहेकको क्षेत्रमा काममा लगाउन परेमा नगरपालिकाको पूर्व स्वीकृति आवश्यक पर्नेछ ।

इ. काममा श्रममूलक प्रबिधिहरुको प्रयोग गर्नुपर्नेछ ।

ई. संघ, प्रदेश र स्थानीय सरकारबाट छनौट भई कार्यान्वयमा रहेका आवधिक योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन हुने अवसथामा समेत उक्त उपभोक्ता समितिले श्रमिकहरुलाई कार्यमा लगाउन सक्नेछ । ठेक्का मार्फत कार्यान्वयमा रहेका आवधिक योजनाहरुमा समेत आवश्यक्ता अनुसार श्रमिकहरु काममा लगाउन सकिनेछ ।

ज. श्रमिकहरुलाई काममा लगाउदा योजनाहरुको अभाव हुन गएमा प्रधानमन्त्री स्वारोजगार कार्यक्रमका लागि पेश गरेका कार्यक्रममाहरुमा समेत काममा लगाउन समेत लगाउन बाधा पुगेको मानिने छैन ।

का. वा. प्रमुख

## परिच्छेद-७
## लागत अनुमान

१२. श्रमिकहरुलाई काममा लगाउनु अघि काममा आवश्यक पर्ने कामदार संख्या कामदारले गर्ने कामको परिमाण र सोको आवश्यक्ता सहित लागत अनुमान तयार गरी मात्र काममा लगाउनुपर्नेछ ।

## परिच्छेद-८
## पारिश्रमिक भुक्तानी

१३. अ. श्रमिकहरुको पारिश्रमिक देहाय बमोजिम भुक्तानी हुनेछ ।

क. वडा कार्यालमा सूचिकृत श्रमिकहरुलाई काममा खटाई सकेपछी सो श्रमिकहरुलाई दैनिक रुपमा नगरपालिकाले निर्धारण गरेको न्यूनतम् पारिश्रमिक वा सो पारिश्रमिक बराबरको खाध्यान्न उपलब्ध गराउनु पर्नेछ ।

ख. श्रमिकले खाद्यान्न पहिले नै लिईसकेको भए निजले लिएको खाद्यान्नको मूल्याङकन बराबरको पारिश्रमिक कटाई बाँकी हुन आउने रकम वा सो बराबरको खाद्यान्न मात्र श्रमिकलाई उपलब्ध गराईनेछ । नगद पारिश्रमिक उपलब्ध गराउनका लागि वडा सचिवले पेश्की लिई सो रकम उपलब्ध गराउनु पर्नेछ भने खाद्यान्नको लागि वडा स्तरीय श्रम समितिको सिफारिस बमोजिम वडा कार्यालयले उपलब्ध गराउनेछ ।

ग. यसरी रकम भुक्तानी गर्दा काममा खटाउने व्यक्ती वा सुपरभाईजरले कामको हाजिरी सम्वन्धित वडा समिति संयोजकबाट प्रमाणित गराई कामको प्रतिवेदन सहितको आधारमा भुक्तानी गर्नु पर्नेछ ।

घ. नगरपालिकाबाट छनौट भई उपभोक्ता समिति मार्फत वा ठेक्का प्रक्रियाबाट कार्यान्वयमा रहेका योजनाहरुमा पहिले नै खद्यान्न लिईसकेका श्रमिक काममा लगाईएको अवस्थामा निजले लिएको खद्यान्नको मूल्याङकन बराबरको रकम सो योजनाबाट कटाएर मात्र भुक्तानी दिईनेछ । रोजगारदाता उपभोक्ता समिति वा ठेकेदार कम्पनीले सो कामदारलाई पनि निजले लिएको खाद्यान्नको मूल्याङकन बराबरको रकम कटाएर मात्र भुक्तानी दिनु पर्नेछ । भुक्तानी दिदा यसरी कट्टी गरीएको रकम नगर स्तरिय विपद् व्यवस्थापन कोषमा जम्मा गरीनेछ ।

ङ. पहिले नै खाद्यान्न नलिएको अवस्थामा श्रमिकलाई काममा लगाउदा काम लगाउने क्षेत्र, व्यक्ति वा उपभोक्ता समितिको काममा सम्वन्धित उपभोक्ता समितिले र ठेक्काको हकमा सम्वन्धित निर्माण व्यवसायीले योजनाकै बजेटबाट कामदारलाई पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ ।

का. वा. प्रमुख

## परिच्छेद-९

### योजनाको अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन

१४. अ. योजनाको अनुगमन मुल्याङकन देहाय बमोजिम हुनेछ ।

क. योजना नियमित प्राविधिक सुपरिवरेक्षण र अनुगमन तथा मुल्याङ्कन गरी सो कामको प्रकृति अनुरुपको प्राविधिक प्रतिवेदन सहित वडा समिति/सुपरिवेक्षकले नगर समिति समक्ष पेश गर्नु पर्नेछ ।

ख. योजनाको संख्या अत्यधिक भएमा र वडा समितिले सुपरिवेक्षण गर्न सम्भव नभएमा वडाका अन्य कर्मचारीहरुले समेत योजना कार्यान्वयन सुपरिवेक्षण गर्न सक्नेछन् ।यस्तो अवस्थामा सुपरिवेक्षकको सुपरिवेक्षण प्रतिवेदन निजले वडा समिति समक्ष पेश गर्नु पर्नेछ ।

ग. सो प्रतिवेदन वडा कार्यालयले साप्ताहिक रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ । यो प्रतिवेदन नगर समितिको स्वीकृति पश्चात मात्र पेश्की फर्छ्यौट हुनेछ ।

घ. यस कार्यविधिमा उल्लेख हुन छुट भएको अन्य कुनै विषयको सम्वन्धमा नगर समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-१०

### विविध

क. बचाउ : यो कार्यविधि लागु हुनु भन्दा पहिला यस नगरपालिकाबाट उपलब्ध गराइएको रोजगार र सो बापतको पारिश्रमिक वा खाध्यान्न यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

का. वा. प्रमुख